# सन्राइज बैंक लिमिटेडको

# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०७२ असोज २४ गते (ई.सं. ११ अक्टोबर २०१५) को यस बैंकको संचालक समितिको २२६ (प) औं बैठकको निर्णयानुसार बैंकको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७२ कार्त्तिक ३० गते (तदनुसार १६ नोभेम्बर, २०१५), सोमबार
समय : बिहान ११:०० बजे ।
स्थान : आम्रपाली ब्याङ्केट, बालुवाटार, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव अन्तर्गत :**

१. अध्यक्षज्यूको मन्तव्य तथा आर्थिक बर्ष २०७१/७२ को संचालक समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात, मिति २०७१ श्रावण १ गतेदेखि मिति २०७२ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरु छलफल गरि पारित गर्ने,

३. आर्थिक बर्ष २०७२/७३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री पराक्रम शर्मा एण्ड एसोसिएट्स पुनः नियुक्त हुन योग्य)

**ख. विशेष प्रस्ताव अन्तर्गत :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई ५२,८९,६७,७२५ बराबर (अर्थात् प्रत्येक १०० कित्ता शेयर बराबर २१.५ कित्ताका दरले वोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव पारित गर्ने र रु. २,७८,४०,४०७ (अर्थात् चुक्ता पुँजीको १.१३१५७९ प्रतिशत) नगद लाभांश स्वीकृत गर्ने ।

२. उल्लेखित बोनश शेयर निस्काशनको लागि आवश्यक हदसम्म जारि तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती प्रदान गर्ने ।

३. बैंकले आ. व. २०७१/७२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु. ५४,८४,८५६.१८ अनुमोदन गर्ने ।

४. संचालक समितिको बैठकमा उपस्थित भए वापतको भत्ता बृद्धि गरी प्रति बैठक भत्ता अध्यक्षको रु. १२,००० तथा सदस्यको रु. १०,००० कायम गर्ने तथा संचालक समितिका सदस्यहरुको लागि टेलिफोन, मोबाइल, यातायात, पत्रपत्रिका आदि खर्च प्रति सदस्य प्रति महिना रु. १५,००० प्रदान गर्ने ।

५. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरबदल⁄ परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) बैंकको जारि पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,
(ख) संचालक समितिको वैठकमा उपस्थित भएवापतको भत्ता बृद्धि गर्ने तथा संचालक समितिका सदस्यहरुको लागि टेलिफोन, मोबाइल, यातायात, पत्रपत्रिका आदि खर्च प्रदान गर्ने

६. बैंकले अन्य स्वदेशी वा विदेशी बैंक तथा वित्तिय संस्थालाई⁄संग मर्ज⁄प्राप्ती⁄टेकओभर (Merge/ Acquisition/Takeover) गर्ने⁄गराउने वा संयुक्त लगानी (जोइण्ट भेन्चर) मा जाने सम्बन्धमा सञ्चालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली २०६८ तथा प्राप्ती सम्बन्धी विनियमावली २०७० मा भएको व्यवस्था बमोजिम सन्राइज बैंक लि. को चल अचल सम्पत्ती तथा दायित्व र कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय⁄अन्तरराष्ट्रिय मान्यताप्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्न र सो मूल्याङ्कन लाई स्वीकृत वा अस्विकृत गर्न सञ्चालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने ।

**ग. विविध :**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**<u>साधारण सभा सम्बन्धी अन्य जानकारी :</u>**

१. बैंकको शेयर दाखिल खारेजको काम (Book Close) **मिति २०७२ कार्त्तिक ११ गते** देखि **२०७२ कार्त्तिक ३० गते** सम्म रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा **मिति २०७२ कार्त्तिक १०** गतेसम्म कारोबार भई **मिति २०७२ कार्त्तिक १८** गते कार्यालय समय सम्म यस बैंकका शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, काठमाण्डौं प्लाजा, कमलादिमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र बोनस शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्ने छन् ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लिखित परिचय नम्बर सहित बैंकद्वारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउन हुन अनुरोध छ । प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा

उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।

३. सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रतिनिधि पत्र सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै बैंकको प्रधान कार्यालय, गैह्रीधारा, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउने छन् ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

६. सभामा भाग लिनका लागि प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैले भाग लिन वा प्रतिनिधी फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै सोको सूचना बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि. मा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधी फेरवदल हुन सक्ने छैन । तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः वदर हुनेछ ।

७. कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधी नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा वाहेक त्यस्ता प्रतिनिधीपत्र स्वतः खारेज हुनेछ ।

८. अन्य जानकारीका लागि बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड तथा बैंकको प्रधान कार्यालय, गैह्रिधारा, काठमाडौंमा कम्पनी सचिव संग सम्पर्क राख्नु हुन अनुरोध छ ।

पुनश्चः सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको सम्बन्धित ठेगानामा साधारणसभाको सूचना र बैंकको आर्थिक विवरण सहितको बार्षिक प्रतिवेदन वा संक्षिप्त आर्थिक विवरण पठाईने व्यवस्था गरिने छ । ठेगाना पूरा नभएका तथा उक्त कागज प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन प्राप्त गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै, सो सम्बन्धी जानकारी यस बैंकको website: www.sunrisebank.com.np मा उपलब्ध गराइएको छ ।